# बागमती नगरपालिकाको

# स्थानीय राजपत्र

## बागमती नगरपालिकाद्धारा प्रकाशित

खण्डः ८ संख्याः २ मिति : ०६ फाल्गुन २०८१ साल

भाग-१

## बागमती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कर्मैया, सर्लाही
## मधेश प्रदेश नेपाल

बागमती नगरपालिकाको नगर सभाले निम्न लेखिए बमोजिमको ( लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीति,२०८१ ) सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

संवत् २०८१ सालको रणनीति नं. २

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) रणनीति-२०८१

नगर सभाबाट पारित : ०५/११/२०८१

## १.पृष्ठभूमि :-

नेपालको संविधान, २०७२ ले मार्ग निर्देश गरेबमोजिम समानुपातिक समाबेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समाबेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्नु आवश्यक देखिएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित गर्नुका साथै मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्नसकिने विषय उल्लेख गरी समाबेशी अवधारणालाई आत्मसात् गरिएको छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समाबेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको, विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक

कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको, स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्धन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ । यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ ।

यसै सन्दर्भमा यस बागमती नगरपालिकाद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समाबेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायीत्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई संस्थागत गर्दै समाबेशी विकासलाई प्रबर्धन गर्ने कार्यलाई थप मार्ग प्रशस्त गर्न यो "लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति" तयार गरिएको हो ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटील प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न अहिले म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यहाँ पुग्न कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धी को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ । तसर्थ यस बागमती नगरपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरु वाट हुने कार्यक्रमहरुले आ आफ्नो ढंग वाट लैङ्गिक समनता तथा सामाजिक समाबेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजना का लागि समेत मार्गदर्शन हुने गरि यस बागमती नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीति-२०८१, तयार गरिएको छ । यो रणनीतिका प्रमुख उपयोगकर्ताहरु यस बागमती नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गै.स.स.हरु हुनेछन् ।

## १.१ बागमती नगरपालिकाको संक्षिप्त परिचय :-

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मधेश प्रदेश अन्तर्गत सर्लाही जिल्लामा रहेको बागमती नगरपालिका साविकका ४ वटा गाविसहरु ढुङ्ग्रेखोला, कर्मैया, राजघाट र शंकरपुरलाई एकीकृत गरी बागमती नगरपालिकाको स्थापना गरिएको हो । हाल यस नगरपालिकामा १२ वटा वडा कायम गरीएको छ । यसको कुल क्षत्रफल १०१.२ बर्ग कि.मि. छ । जनगणना २०७८ अनुसार परिवार संख्या १०७६८ र जनसंख्या ४७,१०६ रहेको छ । यस नगरपालिकाको पूर्वमा हरिवन नगरपालिका, पश्चिममा रौतहट जिल्ला, उत्तरमा सिन्धुली जिल्ला र दक्षिणमा बरहथवा नगरपालिका रहेका छन् । यस

नगरपालिकामा यादब, कोईरी, तामाङ, मगर, क्षेत्री, ब्राम्हण, कामी, सार्की, भुजेल, माझी, गुरुङ, बोटे, सुनुवार, राई आदि जाति जनजातिको बसोबास रहेको छ ।

नेपालमा परिवर्तित शासकिय संरचना पश्चात दोश्रो स्थानीय निबार्चन सम्पन्न भई पदाधिकारीहरुले जिम्मेवारी सम्हालीरहदा नगरपालिकाले स्थानीय सरकारको रुपमा लय समातेर कार्यसम्पादन गर्दै गरेको आभाष मिल्दछ । तथापि लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको क्षेत्रमा महिला र बालबालिकाको अबस्था अझै पछाडि रहेको देखिन्छ । नगरपालिकामा हालसम्म लैससासका सवालहरुलाई संबोधन गर्ने गरि कुनै पनि नीति तथा कानुनहरु नबनेको, महिला कर्मचारीहरु कम मात्रामा रहेको र शाखा प्रमुख १ जना मात्र रहेको र संस्थागत क्षमता स्वमूल्यांकनमा मध्यम नतिजा (जम्मा ६२ अंक) प्राप्त गरेकोमा सामाजिक समाबेशीकरणमा ७.५ अंक प्राप्त गरेको देखिन्छ । यसबाट नगरपालिकाको समग्र अबस्थालाई प्रष्ट पारेको छ । उपरोक्त अबस्थालाई सम्बोधन गरि थप विकास र ब्यबस्थापन गर्ने गरि लैससास रणनीति तयार गरिनु आबश्यक रहेको छ ।

## २.अवस्था विश्लेषण :-

लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि परिस्थिति ९क्धइत० बिष्लेशण, सरोकारवाला पहिचान र लक्षित बर्ग पहिचान गरि मुख्यतया ३ वटा क्षेत्र निर्धारण गरिएकोछ । गत आ.ब.को संस्थागत क्षमता स्वमूल्यांकनको नतिजालाई समेत आधार मानिएको छ । जसको बिस्तृत विवरण देहाय बमोजिम प्रस्तुत गरिएकोछ ।

### २.१. SWOT विश्लेषण :-

यो बागमती नगरपालिको लैससासको दृष्टिकोषवाट सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति तथा कानूनमा समाबेशीता, संस्थागत व्यवस्थामा समाबेशीता, मानव संसाधन तथा क्षमता विकासमा समाबेशीता, सेवा प्रवाहमा समाबेशीता र सुशासन तथा उत्तरदायीत्वमा समाबेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### क.सवल पक्ष (Strength) :-

वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु समावेश भएको ।

१. बार्षिक नीति तथा योजना महिला बालबालिका, पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको ।
२. आन्तरिक आम्दानी बार्षिक तीन करोड भन्दा बढि हरेको ।
३. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससासलाई सम्बोधन गरेको ।
४. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितत्ता भएको ।
५. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरिएको ।
६. नीति कानून कार्यविधि निर्माण गर्न नगरपालिकामा सक्षम जनशक्ति उपलव्ध रहेको ।
७. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% रहेको ।
८. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको ।
९. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।
१०. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।
११. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको । गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्वुलेन्स सेवा संचालन भएको ।
१२. भौतिक पुर्वाधारका सवै डिजाइनहरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।
१३. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको ।
१४. प्रजनन स्वास्थ्य, एड्स, क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।
१५. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिकाले सहकार्य र समन्वय गरेको ।
१६. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनाका वारेमा छलफल हुने गरेको ।
१७. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण र सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिकिकरण गरेको ।
सार्वजानिक लेखापरिक्षण, सामाजिक परिक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।
१८. बार्षिक नीति तथा कार्यक्रम छापामा प्रकाशन तथा वेबसाइट मार्फत नियमित रुपमा सार्वजानिक गरेको ।
१९. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा स्थापना र संचालन नभएको ।
२०. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पुर्व तयारी कक्षा संचालन भएको ।

२१. नगरपालिका भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह,बोक्शी) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

## ख.सुधार गर्नु पर्ने पक्ष :-

१. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यान्वयन समिति गठन नभएको ।
२. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति तयार नगरेको ।
३. नगरपालिकाले लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नगरेको ।
४. लैससासका लक्षित बर्गहरुको छूट्टै खण्डिकृत तथ्यांक (बस्तुगत विवरण) नभएको ।
५. नगरपालिकाले योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको ।
६. लैङ्गिक उत्तरदायी तथा समाजिक समाबेशी वजेट निर्माण एवम परिक्षणलाई वजेट ब्यवस्थापन नगरेको ।
७. महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन नभएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौनजन्य हिंसा आदी) ।
८. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था नभएको ।
९. योजना कार्यान्वयनमा उत्कृट कर्मचारी र शाखालाई पुरस्कृत गर्ने ब्यबस्था नभएको ।
१०. दिगो विकास लक्ष्यका लक्ष्य नं १, ५, १० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको ।
११. कुनै नीति नियम कार्यविधि दिग्दर्शन जारी गर्नुभन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गर्ने नगरिएको ।
१२. निश्चित प्रतिशत वजेट लक्षित वर्गको लागि विनियोजन नगरिएको ।
१३. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको
१४. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचार संहिता वनाएर लागु नगरिएको ।
१५. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।
१६. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन नगरेको ।
१७. नगरपालिकाका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।
१८. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नगरिएको ।
१९. सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान कक्षको ब्यबस्था नभएको ।
२०. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजन तथा छुट्टै शौचालयको ब्यवस्था नभएको ।

२१. लैससास सम्बन्धी सरोकारवाला निकाय बीच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२२. योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको ।

२३. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमूलक विषय वस्तु आदि प्रकाशन नभएको ।

२४. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने बिशेष प्रवन्ध नमिलाएको ।

२५. निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन नगरेको ।

२६. लक्षित वर्गको स्वरोजगार तथा बैदेशिक रोजगारमा जाने महिला तथा लक्षित समूहको क्षमता विकासका लागि कार्यक्रमहरु संचालन नगरेको ।

२७. लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमाको ब्यबस्था नभएको ।

२८. सुस्त श्रवण भएका तथा नेपाली भाषा नवुझ्नेहरुकालागि विशेष व्यवस्था नगरिएको ।

२९. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिता निर्माण नगरिएको ।

३०. महिला तथा लक्षित वर्गका लागि जिविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन नगरिएको ।

३१. लैङ्गिक हिंसा निवारण, महिला सीप विकासको लागि कोष स्थापना गरि कार्यान्वयन नगरेको ।

३२. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण नभएको ।

## ग.अवसर :-

१. नगरपालिकाका नगर प्रमुख, उपप्रमुख र वडाअध्यक्षहरु दोश्रो कार्यकालको लागि निर्बाचित हुनु भएकोले कार्यअनुभब रहेको साथै पदाधिकारीहरु शिक्षित र उर्जाशिल हुनु ।

२. भरत ताल तथा हरिहर क्षेत्रको ब्यबस्थित विकास र प्रर्यटन प्रबर्धन मार्फत लैससासको प्रबर्धन गर्ने अवसर रहेको ।

३. सिमान्तकृत चेपाङ्गजातिको बसोवास रहेकोले उनीहरुको शसक्तिकरण र मूलप्रबाहीकरणको लागि बिषेश कार्यक्रम गर्न सक्ने अवसर रहेको ।

४. विभिन्न जातजाती, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समाबेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त वातावरण रहेको ।

५. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति नगरपालिकामा उपलव्ध हुनु ।

६. नगरपालिकामा कार्यरत कर्मचारीहरुमा युवाको वाहुल्यता रहेकोले युवा जोस र जाँगरलाई नगरपालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने अवसर रहेको ।

७. बिद्यमान सरकारी विद्यालयहरुमा शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी विद्यार्थीहरुको आकर्षण वढाउन सकिने संभावना रहेको ।
८. सुफथ मूल्यका सहकारी पसलहरु स्थापना र संचालनमा ल्याई महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने संभावना रहेको ।
९. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा (किसान र कृषि प्रवर्द्धन) गर्न सकिने संभावना रहेको ।
१०. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।
११. अन्तराष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु ।
१२. लैससास मैत्रि संघीय र प्रदेश कानूनहरु उपलब्ध हुनु ।
१३. प्राकृतिक श्रोतसाधनको सदुपयोग गरि लैससासको प्रबर्धन गर्न सकिने संभावना रहको ।
१४. कृषि प्रति युवालाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न सकिने अवसर रहेको ।

## घ.चुनौतीहरु :-

१. बालबिबाह, बालश्रम, छुवाछूत, लैङ्गिक विभेद, बोक्शी जस्ता परम्परागत कुमान्यता विरुद्धका नीति नियम र कार्यविधिहरको तर्जूमा र कार्यान्वयनमा जटिलता ।
२. मागमा आधारित बास्तविक योजनाहरुको छनौट, प्राथमिकिकरण र कार्यान्वनयमा कठिन हुनु ।
३. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीबी मापनका सुचकहरु निर्माण र कार्यान्वयन गर्न कठिन हुनु ।
४. विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको कामको मूंल्याङ्कन गर्ने पद्धति नहुनु र महिलाको श्रम र योगदानको कदर नहुनु ।
५. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून र कार्यविधिहरुको  कार्यान्वयन गर्न कठिन हुनु ।
६. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छूवाछूत, बोक्शी, घरेलु हिंसा, बालबिबाह, बालश्रम) को अन्त्यका लागि आबश्यक कार्यहरु सञ्चालन गर्न कठिन हुनु ।
७. सुचना तथा संचारका आधुनिक प्रबिधिहरु (मोवाइल, टेलिभिजन, इन्टरनेट) को दुरुपयोगले सामाजिक बिकृति (बाल बिबाह, बहुबिबाह, संबन्ध बिच्छेद, अवैध गर्बधारण) वढ्दै जाने संभावना देखिनु ।
८. संघीयताको अभ्यासको प्रारम्भिक चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन हुनु ।
९. सामाजिक सञ्जाल मार्फत  हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न नसक्नु ।
१०. दुर्ब्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।
११. उद्योगधन्दा, कल कारखानाहरुको कमीका कारण रोजगारीका अवसरहरु सिमित हुनु

## २.२. सरोकारवाला पहिचान :-

लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण रणनीति कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा संपर्क हुने, दोश्रो माध्यमवाट सम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी देहायअनुसार ३ भागमा विभक्त गरिएकोछ ।

| सिधा सम्पर्क हुने (पहिलो नं.का सरोकारवालाहरु) | दोश्रो माध्यमवाट संपर्क हुने (दोश्रो नं. का सरोकारवालाहरु) | अप्रत्यक्ष संपर्क हुने (तेश्रो नं. का सरोकारवालाहरु) |
|---|---|---|
| □ महिला बालबालिका तथा जेष्ठ नगारिक शाखा<br>□ योजना शाखा<br>□ शिक्षा शाखा<br>□ स्वास्थ्य शाखा<br>□ सहकारी शाखा<br>□ खानेपानी तथा सरसफाइ शाखा<br>□ युवा तथा खेलकुद शाखा □ प्रशासन शाखा<br>□ सवै वडा कार्यालयहरु<br>□ गाउँकार्यपालिका<br>□ गाउँसभा<br>□ न्यायिक समिति<br>□ कृर्षि तथा पशु सेवा केन्द्र<br>□ विषयगत समितिहरु सवै | □ विकास साझेदारहरु<br>□ सहकारी संस्थाहरु<br>□ बैक तथा वित्तीय संस्थाहरु<br>□ उद्योगहरु<br>□ वालक्लवहरु<br>□ आमा समूहहरु<br>□ जेष्ठ नगारिक मिलन केन्द्रहरु<br>□ विद्यालयहरु<br>□ गैह्रसरकारी संस्थाहरु<br>□ स्वयम सेवक समूहहरु □ उद्योग वाणिज्य संघ □ राजनैतिक दलहरु<br>□ संचार माद्यमहरु | □ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय बागमती प्रदेश<br>□ प्रदेश मन्त्रालयहरु सवै<br>□ प्रदेश योजना आयोग<br>□ प्रदेश सुशासन केन्द्र<br>□ भूमी व्यवस्था आयोग<br>□ संघीय मन्त्रालयहरु<br>□ महिला आयोग<br>□ दलित आयोग<br>□ मुस्लीम आयोग<br>□ राष्ट्रिय योजना आयोग<br>□ मानव अधिकार आयोग<br>□ अन्तराष्ट्रिय दातृ निकायहरु<br>□ राष्ट्रिय स्तरका संचार माद्यमहरु |

## २.३. लक्षितवर्ग पहिचान :-

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो । त्यसका लागि यस नगरपालिकामा निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| १.महिला | २.एकल महिला | ३.बालबालिका | |
| ४.जेष्ठ नागरिक | ५.आदिवासी जनजाती | ६.अल्पसंख्यक/लोपोन्मुख (चेपाङ्ग जाति) | |
| ७.किसान | ८.मजदुर | ९.अपाङ्गता भएका व्यक्ति | |
| १०.द्वन्द्वपिडित | ११.विपन्न वर्ग | १२.सुकुम्वासी | |
| १३.पिछडिएको क्षेत्र र समुदाय | १४.लैङ्गिक तथा यौनिक अल्पसंख्यक | १५.दलित | १६. मधेशी |

माथि उल्लिखित तीनै प्रकारको विश्लेषणवाट लै.स.सा.स.को क्षेत्रमा यस बागमती नगरपालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु प्रष्ट भएका छन् । सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । समग्रमा सुधार गर्नु पर्ने पक्षहरु बढि देखिएबाट लैससासमा नगरपालिकाको अबस्था पछाडि रहेको देखिएता पनि पहिचान भएका सवल पक्षहरुको श्रोत र शक्तीको रुपमा परिचालन गर्दै, उपलब्ध अवसरहरुको बिस्तार र सदुपयोगको माध्यमबाट सुधार गर्नु पर्ने पक्षलाई सवल र चुनौतिलाई अवसरमा परिणत गरि लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई संस्थागत र सुदृढ पार्दै लक्ष प्राप्तिकोलागि सोहि अनुरुपको रणनीति तयार गरिएको छ ।

## ३. दीर्घकालिन सोच (Vision) :- "बिभेदरहित समाबेशी समाज, बागमती नगरपालिकाको आवाज"

## ४. ध्येय (Mission) :-

विद्यमान जात वर्ग क्षेत्र लिंग, उमेर धर्म लगायतका बिभिन्न आधारमा हुने गरेका बिभेदको अन्त्य गरि समतामुलक समाजको निर्माण गर्ने ।

## ५. लक्ष (Goal) :-

न्यायोचित तथा समतामुलक विकासको माद्यमवाट वहिस्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याई, गरिबी न्यूनीकरण गर्ने ।

## ६.उदेश्य (Objectives) :-

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणको मान्यता अनुरुप नगरपालिकाले गर्ने सम्पूर्ण विकास तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका मुख्य उदेश्यहरु निम्नानुसार रहेका छन् ।

नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने ।

१. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
२. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता सन्धि संम्झौताहरुको कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
३. नीति तथा कानूनमा नै महिला तथा लक्षित वर्गको समाबेशीता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
४. संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समाबेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।
५. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने ।
६. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समाबेशीतामा आधारित समाज स्थापना गर्ने ।

७. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाईसंग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमिकतामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७.लैङ्गिक तथा सामाजिक समाबेशीकरण नीति (**GESI Policy**) :-

माथि उल्लिखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसारका नीतिहरु अवलम्वन गरिने ।

१. वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण गरि त्यसले औल्याएका सुधार गर्नु पर्ने पक्षहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकासका लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै जाने ।

४. नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संविधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने ।

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नागरिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापाना गरि लैससासका लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय, प्रदेश र स्थानीय कानून तथा कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई नियमित रुपमा अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजमा रहेका बिद्यमान कुरीतिहरु विरुद्धका सचेतना कार्यक्रमलाई हरेक सामाजिक विकासका कृयाकलापहरुमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससासंग सम्बन्धी सूचकहरु निर्माण गरि नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy) :-

लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका लागि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछ ।

### ८.१ मूल प्रवाहिकरण :-

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमवाट लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समाबेशीकरण :-

. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समाबेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण :-

क. अन्तराष्ट्रिय सन्धि संभौता प्रतिवद्धता तथा दिगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८.४ सशक्तिकरण :-

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण मार्फत बञ्चितिकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माद्यमवाट महिला तथा वञ्चितिकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण :-

क. लैङ्गिक समानता तथा समाजिक समाबेशीकरण वारे संविधान, ऐन, कानून, नीति, कार्यविधि र दिग्दर्शनका प्रावधान कार्य प्रणाली र समाबेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरीति, अन्धविश्वास तथा हानीकारक परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना :-

क. संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन, कानून र कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय :-

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन, उपभोक्ता समूह गठन तथा परिचालन, अनुगमन तथा मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जूमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य :-

क. लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका लागि नगरपालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक, वित्तीय संस्था, सहकारी, उद्योग वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तह लगायत अन्य विकास साझेदारहरुसंग लैससास मैत्री साझा प्रतिफल हाशिल गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण :-

क. वहिस्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्मका हरेक चरणमा  वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको क्षेत्रमा काम गर्ने सरकारी तथा गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा :-

क. नगरपालिका क्षत्रभित्र रहेका नागरिकहरु जो आफ्नो सुरक्षा र संरक्षण आफै गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरुको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख. सामजिक सुरक्षा अन्तरगत अल्प संख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, लगायत पर्दछन र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जन मा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन तथा मूल्याङ्कन :-

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) रणनीति-२०८१ बागमती नगरपालिका, सर्लाही

## ९.रणनैतिक कृयाकलापहरु :-

| क सं | उदेश्य | नीति | रणनीति | रणनैतिक कृयाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | नगरपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण गरि महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास, पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने । | लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १.लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२.योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५.लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>६.लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने ।<br>७.सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | १.वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ ।<br>२.लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४.योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण सहभागिता भएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.आवधिक योजना<br>३.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४.कार्यपालिकाका वैठकका निर्णयहरु<br>५.सभा र बैठकका निर्णयहरु |

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) रणनीति-२०८१ बागमती नगरपालिका, सर्लाही

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण गरि त्यसले औल्याएका सुधार गर्नु पर्ने पक्षहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सबै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङन गर्दै लैजाने । | १.लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन तथा हरेक वर्ष अद्यावधिक गर्दै लैजाने ।<br>२.कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने ।<br>३.जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने ।<br>४.संघ संस्थामा प्रतिनिधित्व, शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने ।<br>५.राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने ।<br>६.महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका (व्यवहारिक आवश्यकता पुरा हुने) कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७.महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका शिक्षा रोजगारी संग सम्बन्धीत) रणनैतिक कार्यक्रम बजेटमा समावेश गर्ने । | १.लक्षित वर्गको वस्तुगत खण्डिकृत तथ्यांक वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ ।<br>२.कानून कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ ।<br>३.लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट विनियोजन भएको हुनेछ ।<br>४.उपभोक्ता समिति, कार्यदल हरुमा कम्तिमा ४०% लक्षित वर्गको सहभागिता भएको हुनेछ ।<br>५.कम्तिमा बर्षका १ पटक लक्षित वर्गको लागि लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी सम्बन्धी कक्षा हरु संचालन भएका हुनेछन् । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति ।<br>३.गठित उपभोक्ता समितिको विवरण र कार्यवधि ।<br>४.कार्यपालिका बैठक तथा सभाका निर्णयहरु । |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकासका लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दिगो विकासका लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १. १७ वटा दिगो विकासका लक्षहरुको स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई अभिमुखीकरण कार्यक्रम संचालान गर्ने ।<br>२.बेइजिङ सम्मेलनका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने ।<br>३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ वारेमा कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखीकरण गरी कार्यान्वयनमा ल्याउने ।<br>४.आवश्यक कानून तथा कार्यविधि तयार गर्ने ।<br>५.आबश्यक स्थानीयकरण कार्यक्रमका लागि वार्षिक रुपमा बजेट विनियोजन र कार्यान्वयन गर्ने । जस्तैः लोकसेवा र शिक्षा सेवा आयोगको परिक्षा तयारी कक्षाहरु संचालन । | १.दिगो विकास लक्ष, महिला माथि हुने सबै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२.अन्तराष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ ।<br>३.स्थानीयकरण कार्यक्रमका लागि बजेट विनियोजन भएको हुनेछ । | १.अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्युट ।<br>२.वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३.कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४.कार्यपालिका बैठक तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गर्ने । | नगरपालिकाले निर्माण गरेका सवै कानून, नीति, नियम, निर्देशिका, र कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, जेष्ठनागरिक, दलित, लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै नगरपालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने । | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने ।<br>३.महिला, पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु विच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने ।<br>४. लैससास सम्बन्धी आवश्यक कानून तथा कार्यविधि (लैससास नीति, लैङ्गिक उत्तरदायी बजेट निर्देशिका र लैससास परिक्षण कार्यबिधि) तयार र कार्यान्वयन गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६.कानून कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई समावेश गर्ने ।<br>७.सवै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानुपातिक सहभागिताका लागि कानूनी व्यवस्था गर्ने । | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२.नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संसोधन भएका हुनेछन ।<br>५.कानून कार्यविधि तथा विकास कृयाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६.समानुपातिक नेतृत्व का लागि कानूनी व्यवस्था भएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका ।<br>२.कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका ।<br>३.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |
| ५ | संस्थागत व्यवस्था अन्तरगत | १.लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी | क.महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमूखको रुपमा महिला लाई प्राथमिकता दिने । | १.शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ । | १.कार्यपालिकाका निर्णय पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यप्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला तथा लक्षित वर्गको समाबेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने । | महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संबोधन गर्दै लैजाने ।<br>२.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण, महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३.लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता समिति गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने । | २.लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेस गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने ।<br>३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने ।<br>४.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव तथा महिला हिंसाका घट्ना नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागु गर्ने ।<br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणकालागि वजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने ।<br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने ।<br>७.स्थानीय संचारका माध्यम मार्फत लैससास सम्बन्धी सूचना एवम सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन र प्रशारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला, यौनिक तथा लैङ्गिक अल्प संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | २.लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ ।<br>३.महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ।<br>४.यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५.महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६.लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | २.विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि<br>३.महिला पुरुष समविकास कार्यनीति<br>४.महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन<br>५.FM रेडियो टेलिभिजन कार्यक्रमका अडियो भिडियो समाग्रिहरु । |

# लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण (GESI) रणनीति-२०८१ बागमती नगरपालिका, सर्लाही

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर | १.मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतामा राखेर | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने । | १.लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने ।<br>२.लैससास बजेट खर्च कार्यविधि तयार गर्ने ।<br>३.नगरपालिकाले आयोजना गर्ने प्रत्येक तालीममा लैङ्गिक समानता सामाजिक समाबेशी करण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४.मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५.लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने । | १.वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२.मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३.लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ । | १.वार्षिक नीति कार्यक्रम तथा बजेट ।<br>२.लैङ्गिक हिंसा निवारण कार्यविधि ।<br>३.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा |
| | वनाउदै लैजाने । | कार्यान्वयन गर्दै लैजाने ।<br>२.निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुको वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने । | | ६.कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसा गर्ने । | ४.कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४.प्रत्यक्ष अवलोकन |
| ७ | अनौपचारिक मूल्यमान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोणमा परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १.लैङ्गिकहिंसा विरुद्ध शुन्य सहनशिलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यववस्था गर्ने ।<br>२.हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने ।<br>३.सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने ।<br>४.लैङ्गिकहिंसा निवारण आचारसंहिता निर्माण र पालना गर्ने ।<br>५.अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६.सबै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने ।<br>७.सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | १.सामाजिक कुरीति हरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ ।<br>२.हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३.अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४.वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १.वार्षिक बजेट तथा नीति कार्यक्रम ।<br>२.श्रव्य दृष्य सामाग्रीहरु ।<br>३.सामाजिक संजाल मा गरिएका पोष्टहरु ।<br>४.अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख ।<br>५.प्रत्यक्ष अवलोकन सेवा केन्द्र) । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धीत सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने । | प्रत्येक चरणमा गरिने अनुगमन तथा मूल्याङ्कन लैससासको दृष्टिकोणवाट गर्ने । पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको एकिन गर्ने सुचक समेत थप गरी अनुगमन र मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १.महिला साक्षारता कार्यक्रम संचालन गर्ने ।<br>२.शिक्षण अभ्यास संगै निश्चित निराक्षरलाई साक्षार वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने ।<br>४.स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सुचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।<br>५.आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने ।<br>६.अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान कक्ष सहिच ड्इङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने ।<br>७.जोखिमयूक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने ।<br>८.हरेक ६ महिनामा सार्वजानिक सुनुवाइ वार्षिक रुपम समाजिक परिक्षण र नियमित रुपमा सार्वजानिक परीक्षण गर्ने ।<br>९.हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | १.संभावना रहेका सवै निराक्षरहरु साक्षार भएका हुनेछन ।<br>२.यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३.वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने यूवाहरुका लागि सीप विकास तालीम संचालन भएको हुनेछ । | १.वार्षिक प्रगती प्रतिवेदन<br>२.तालीम सम्पन्न प्रतिवेदन<br>३.कार्यपालिका निर्णयहरु<br>४.सभाका निर्णयहरु<br>५.अनुमगन मुल्याङ्न फारम हरु |

## १०. वित्त व्यवस्थापन :-

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने भन्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । तसर्थ लैससास मुल प्रवाहीकरणका कार्यक्रमहरुको लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछ । क. लैससास लक्षित कार्यक्रमका लागि नगरपालिकाले बार्षिक रुपमा निश्चित प्रतिशत निर्दिष्ट बजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सबै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुको अघ्ययन गरी आवश्यक परियोजना प्रस्ताव तयार गरेर अधिकतम श्रोत प्राप्त गर्न आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था :-

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन र गाउँसभावाट पारित गराउनु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि नगरपालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर नगर सभाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन् ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :-

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी नगरपालिका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ । लैससास कार्यान्वयन समितिको संरचना, काम, कर्तब्य र अधिकार (लैससास परिक्षण दिग्दर्शन २०७८) ले व्यवस्था गरे बमोजिम हुनेछ । भने सबै शाखा तथा वडा कार्यालयहरुले सबै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व

निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका संयोजकको हुनेछ । भने आवश्यकता अनुसार विषय विज्ञहरु राखेर अल्पकालिन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ । धनकौल नगरपालिकामा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ । रणनैतिक कृयाकलापका वारेमा सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाईनेछ ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था :-

क. रणनीति कार्यान्वयनको सम्वन्ध मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षणसंग रहन्छ । लैससास परीक्षण दिग्दर्शनले निर्दिष्ट गरेका १०० वटा सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. नगरपालिका भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससासको दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गरिनेछ ।

ग. नगरपालिकामा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वमा सामाजिक विकास शाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गरिनेछ । जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकिन गर्ने र सम्बन्धीत पक्षलाई सुझाव प्रदान गनर्छे । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ब्यबस्था मिलाईनेछ ।

## १४.संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु :-

१४.१ संभाव्य जोखीम  लैससास रणनीति कार्यान्वयनमा निम्नानुसारका जोखिमहरुको आँकलन गरिएको छ ।

क. पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा लैङ्गिक समानता रणनीतिले महिला तथा बालबालिकालाई मात्र  प्राथमिकतामा राख्दछ भन्ने भ्रमपुर्ण बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्दछ ।

ख. सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा लैंङ्गिक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्दछ ।

ग. लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समस्या हुनसक्दछ

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्दछ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु विच लैससास रणनीति कार्यान्वयनमा अन्यौल, विविधता तथा दोहोरोपना हुनसक्दछ ।

**१४.२ जोखीम न्यूनीकरणका उपायहरु :-**

क. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ख. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

ग. गउँपालिकाका हरेक वैठकमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

घ. विषय विज्ञहरुसंग नियमित रुपमा छलफल र परामर्श गर्ने ।

## १५.निश्कर्ष :-

लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तराष्ट्रिय स्तरमा भएका सन्धी संझौता तथा प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति तथा कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । कानून तथा नीतिहरु वन्ने तर कार्यान्वयन नहुने बिषय आजको प्रमुख चुनौतीको रुपमा देखा परेको छ । त्यसैले कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको पद्धतिमा आबश्यक सुधार गरि हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समाबेशीकरणको आँखाले अनुगमन र मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजानु पर्दछ । रणनीतिका सबै प्राबधानहरु र कृयाकलापहरुको प्रभावकारी कार्यान्वयन गरि लक्षित वर्गलाइ निश्चित समय सम्म निरन्तर रुपमा अवसर प्रदान गर्ने हो भने घोषित लक्ष प्राप्त गर्न सहज हुनेछ र बागमती नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणको क्षेत्रमा सुव्यबस्थित र समृद्ध नगरपालिका कहलाउने छ ।